गौर नगरपालिका
Gaur Municipality
स्था. २०४९

# हाम्रो गौर नगरपालिका

## स्थानीय पाठ्यपुस्तक

## कक्षा-१

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

















# स्थानीय विषय

## कक्षा-१



नामः ..........................................................................

रोल नम्बरः .........................सेक्सनः-....................................

विद्यालयः ......................................................................

**मधेश प्रदेश**

**स्थानीय सरकार**

**गौर नगरपालिका**

"शिक्षा, स्वास्थय, पूर्वाधार र व्यापार; सुन्दर,समृद्ध तथा समुन्नत गौरको आधार"

# गौर नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

## गौर,रौतहट

## मधेश प्रदेश,नेपाल

## दुई शब्द

नेपाल वैविद्यपूर्ण देश हो।विविधताको सम्मान,विकास,प्रचारप्रसार र संरक्षण गर्ने भरपर्दो माध्यम भनेकै शिक्षा हो।शिक्षाको विकास बिना अन्य पक्षको विकास सम्भव नै हुँदैन।यस अर्थमा हेर्दा शिक्षा सम्पूर्ण विकासको प्रमुख आधार पनि हो।समग्र शिक्षा प्रणालीलाई व्यवस्थित गर्दै गुणस्तरीय शिक्षा प्राप्त गर्न पाउने नागरिकको अधिकारलाई सहज बनाउन सकियोस् भनेर हामीले गौर नगरपालिका भित्र विभिन्न शैक्षिक कार्यक्रमहरु संचालन गर्दै आएका छौं। शिक्षा क्षेत्रको विकास तुरुन्तै देखिने खालको हुँदैन तथापि हामीले योजनाबद्ध रुपमा शैक्षिक विकासका कामहरु गर्दै जाँदा हाम्रा भावी सन्ततिहरुले यसबाट प्रतिफल लिन सक्नेछन्।गुणस्तरीय व्यवहार उपयोगी शिक्षाको माध्यमले हामी सुसंस्कृत र सभ्य नागरिक तयार गर्न चाहन्छौं।समृद्ध र विकसित समाज निर्माण गर्न चाहन्छौं।श्रममैत्री र उत्पादनशील नागरिक तयार गर्न चाहन्छौं।नागरिकलाई स्वाभिमानी आत्मनिर्भर हुन प्रोत्साहित गर्न चाहन्छौं।तर गुणस्तरीय शैक्षिक वातावरण चाहिन्छ ।स्थानीय पाठ्यपुस्तक निर्माण पश्चात त्यसको प्रभावकारी कार्यान्वयनमा स्थानीय तहले आवश्यक अनुगमन गर्ने,विद्यालयहरुले यसलाई कार्यान्वयन गर्दै लाने र आवश्यकताको आधारमा समयानुकूल बनाउँदै लैजाने हो भने यसको प्रभावकारिता अझै बढेर जाने हाम्रो विश्वास छ।

स्थानीय जात,जाति धर्म, सम्प्रदाय,भाषा,संस्कार,सभ्यता,मूल्यमान्यता,परम्परा,चाँडपर्व,गीत,संगीत आदिको बारेमा आवश्यक जानकारी गराई आफनो परिवेश,सामाजिक, भौगोलिक,आर्थिक , सांस्कृतिक अवस्थाको बारेमा सुसूचित गराउनु स्थानीय पाठ्यक्रमको प्रमुख उद्देश्य हो।समावेशी तथा सबैको अपनत्व महशुस हुने खालका स्थानीय विषय वस्तुको पृष्ठभूमिमा निर्मित स्थानीय पाठ्यक्रमबाट आपसी सद्भाव,मेलमिलाप,सामुहिक कार्य,सहिष्णुता तथा राष्ट्रिय एकताको भावनाको विकासमा पनि सहयोग पुग्ने अपेक्षा राख्न सकिन्छ।विश्वव्यापी सोच,स्थानीय अभ्यास भन्ने स्थानीय पाठयपुस्तकको मूलमर्मलाई आत्मसात गर्दै ज्ञान,सीप,अभ्यास र परम्पराको जगेर्ना,संरक्षण,विकास र प्रचार प्रसारका लागि पनि स्थानीय पाठयपुस्तकको निर्माण र प्रयोग आवश्यक देखिन्छ।आफनो जन्मभूमि र स्थानीय परिवेशका विविध पक्षको बारेमा यथोचित जानकारी लिँदै आफनै माटामा केही गरौं भावना विकास गर्नमा समेत यो पाठयपुस्तकले सहयोग गर्ने छ यस पाठयपुस्तकले गौर नगरको परिवेशलाई उच्च प्राथमिकता दिएको छ ।यसले रौतहटको विशिष्ट अवस्थालाई समेटेको छ।हाम्रो ऐतिहासिक धरोहर बानेश्वरधाम हो।हाम्रो मौलिक कला,संस्कृतिलाई बुझ्ने अवसर दिएको छ।यस अर्थमा यो पाठयपुस्तक गौर नगरपालिकाले बनाएको छ भने हाम्रो विश्वास छ।

विद्यार्थीको आवश्यकता,अभिभावकको चाहनालाई सम्बोधन गर्दै स्थानीय परिवेशको जगमा टेकेर निर्माण गरिएको यस पाठ्यपुस्तकले गौर नगरपालिकाको पहिचान कायम राख्न सहयोग पुग्ने विश्वास लिएका छौं। स्रोत साधन र सम्भावना समेतलाई आधार बनाई ज्ञान,सीप र अभिबृत्तिको विकासमा यो पाठ्यपुस्तक एक कोशेढुङ्गा सावित हुनेछ। स्थानीय सरोकारवालाहरुको संलग्नतामा तयार गरिएको “गौर नगरपालिकाको पहिचान“ नामक यस पाठयपुस्तकले गौरका विविध पक्षहरुको यथोचित जानकारी पनि दिएको छ। यो पाठयपुस्तक स्थानीय परिवेश सापेक्ष छ। यसले स्थानीय संस्कृति,संस्कार समेटेको छ। स्थानीय आवश्यकता र चाहना अबलम्बन गरेको छ। स्थानीय भाषा,संस्कृति,मूल्यमान्यता र संस्कारलाई आफनो विषयवस्तु बनाएको छ। स्थानीय भाषाभाषी, जातजाति,कला,धर्म,प्रचलन, पहिचान र सभ्यतालाई समेटेको छ। स्थानीय सरोकारवालाहरुलाई महत्त्व दिएको छ। स्थानीय सम्पदाको प्रचार प्रसार,विकास र संरक्षणलाई सघाएको छ। रैथाने सीप,प्रविधि र चालचलनलाई समयसमपेक्ष बनाउँदै सरक्षण र प्रवर्धन गर्ने अभिष्ट राखेको छ। राष्ट्रिय पाठ्यक्रमले समेटन नसकेका तर स्थानीय आवश्यकताको रुपमा रहेका विषयवस्तुहरुलाई पस्केको छ। यस अर्थमा यो पाठ्यपुस्तक गौर नगरपालिकाको पहिचान कायम राख्न सफल हुनेछ भन्ने विश्वास लिएका छौं।

गौर नगरपालिकाले आफ्नो परिवेश अनुकूल स्थानीय पाठयक्रम निर्माण गरी शैक्षिक सत्र २०८२ देखि कार्यान्वयनमा ल्याउन सकेकोमा स्थानीय पाठ्यक्रम निर्माण कार्यदलका सदस्य ज्यूहरुलाई हार्दिक बधाई दिन चाहन्छौ। नगरपालिकाले सुम्पिएको जिम्मेवारीलाई कुशलतापूर्वक निर्वाह गर्दै उक्त पाठ्यक्रमको आधारमा पाठ्यपुस्तक निर्माण गरी कार्यान्वयन योग्य बनाउनु भएकोमा अत्यन्त हर्षित छौ। यस पाठ्यपुस्तकलाई कार्यान्वयनमा ल्याउन गौर नगरपालिका अन्तर्गत सम्पूर्ण विद्यालयका प्रधानाध्यापक , शिक्षक ,विद्यालय व्यवस्थापन समिति,अभिभावक लगायत सरोकारवालाहरुलाई हामी हार्दिक अनुरोध गर्दछौ र कार्यान्वयनका लागि सहजीकरण गर्न समेत हामी प्रतिवद्ध रहनेछौ। स्थानीय पाठयपुस्तक आफैमा एक गतिशील दस्तावेज भएकाले आवश्यकतानुसार यसको समसमायिक परिमार्जन हुँदैजाने व्यहोरा समेत अवगत गराउन चाहन्छौ।

**शम्भु साह**

**(नगर प्रमुख,गौर नगरपालिका)**

"शिक्षा, स्वास्थय, पूर्वाधार र व्यापार; सुन्दर,समृद्ध तथा समुन्नत गौरको आधार"

# गौर नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

**गौर,रौतहट**

**मधेश प्रदेश,नेपाल**

## प्रमुख प्रशासकीय अधिकृतको भनाई

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान २०७२ ले विद्यालय तहको शिक्षा सम्बन्धी सम्पूर्ण अधिकार स्थानीय तहको कार्यक्षेत्र भित्र राखेपछि संविधानबाट प्राप्त अधिकार कार्यान्वयन गर्ने क्रममा राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ तथा एकीकृत पाठ्यक्रम २०७६ले हरेक स्थानीय तहलाई पाठयक्रम विकास तथा सोही अनुरुपको स्थानीय पाठयपुस्तक निर्माण गरी विद्यालयहरुमा कार्यान्वयन गर्न निर्देशित गरेको छ । यसै अनुसार गौर नगरपालिकाको आ.व. २०८१/२०८२ को स्वीकृत कार्यक्रमअनुसार स्थानीय पाठ्यपुस्तक निर्माण गरी नगरपालिका भित्रका सबै सामुदायिक विद्यालयहरुमा शैक्षिक सत्र २०८२ देखि कक्षा १ देखि ८ सम्म क्रमिक रुपमा लागु गर्ने लक्ष्य अनुसार स्थानीय पाठय-पुस्तक तयार गरिएको छ । यो स्थानीय पुस्तक नगरपालिका क्षेत्रभित्रका विशिष्ट पहिचानलाई समेटेको छ । यसबाट विद्यार्थीले औपचारिक रुपमा आफ्नो नगरपालिकाको भौगोलिक,धार्मिक,सांस्कृतिक तथा प्राकृतिक सम्पदाको पहिचान सहित बस्तुनिष्ठ ज्ञान प्राप्त गर्ने छन । साथै यस पाठयपुस्तकले विद्यार्थीहरुलाई नगरपालिका क्षेत्रमा रहेका व्यावसायिक क्षेत्रको पहिचान र सो सम्बन्धी ज्ञान तथा सिप समेत हासिल गराउने छ । रैथाने प्रविधि तथा परम्परागत सामाग्रीहरुलाई समेत यस पाठ्यपुस्तकले संरक्षण,संवर्द्धन र विकास गर्न सहयोग पुर्याउनेछ ।

यसै गरी यस स्थानीय पाठयपुस्तकले परम्परागत कला,कौशल,भाषा,भेषभूषा,संस्कृति असल आचरण समेतको विकास गरी विद्यार्थीहरुलाई असल एवं सक्षम नागरिक बन्न सघाउ पुर्याउने कुरामा विश्वास गर्न सकिन्छ । यो स्थानीय पाठ्यपुस्तक २०८२ सालको शैक्षिक सत्र देखि कक्षा १-८ मा क्रमिक रुपमा लागु गरिनेछ । पाठ्यपुस्तक विकास तथा निर्माण कार्यमा संलग्न रहनु हुने विज्ञ तथा विद्वान महानुभावहरु सबैलाई धन्यवाद दिन चाहन्छु । नगरपालिका भित्रका सामुदायिक तथा संस्थागत सबै विद्यालयले यो पाठ्यपुस्तकको महत्व र गरिमालाई आत्मसात गर्दै प्रभावकारी तारिकाले पठन पाठनलाई व्यवस्थित गर्नुहुने कुरामा म पूर्णरुपले विश्वस्त छु ।

**सुभाष कुमार ठाकुर**

**(प्रमुख प्रशासकीय अधिकृत)**

# गौर नगरपालिका

## स्थानीय पाठ्यपुस्तक

प्रकाशकः- स्थानीय सरकार, गौर नगरपालिका,रौतहट ।

सर्वाधिकारः- गौर नगरपालिका

संरक्षकः- स्थानीय सरकार,गौर नगरपालिका,रौतहट ।

### सुझाव एंव सल्लाहकार

१.श्री धीरेन्द्र कुमार लाल दास(कानुन अधिकृत,गौर न.पा.)

२.श्री उत्तम कुमार उपाध्याय(शिक्षा प्रमुख,गौर न.पा.)

३.श्री रौशन कुमार श्रीवास्तव(सूचना प्रविधि अधिकृत,गौर न.पा.)

### स्थानीय पाठ्यपुस्तक तयार/लेखन कार्यदल

१.श्री नागेन्द्र प्रसाल मंडल(संयोजक,स्थानीय पाठ्यपुस्तक लेखन,गौर न.पा)

२.श्री शंकर ठाकुर(भाषा सम्पादन, पूर्व.मा.शि. नेपाली शिक्षक)

३.श्री साहेब कुमार पाठक (शिक्षक,कला सम्पादन)

४.श्री अब्दुल हक अंसारी (शिक्षक,कला सम्पादन)

५.श्री पदमराज जैसी (शिक्षक,चित्र संकलनकर्ता)

प्रथम संस्करणः- २०८२

*यस स्थानीय पाठ्यपुस्तक सम्बन्धी सम्पूर्ण अधिकार गौर नगरपालिकामा निहित रहेको छ। यसको पुरै वा आंशिक भाग जस्ताको त्यस्तै प्रकाशन गर्न पाइने छैन।*

# विषयसूची



| क्र.स. | विषयवस्तु | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १. | **गौरको परिचय** | १-९ |
| | क.नगरपालिकाको नाम र टोलको सिमाना | १ |
| | ख.छिमेकी साथीको नाम | ३ |
| | ग.आफू बसेको गाँउ शहरको ठेगाना | ४ |
| | घ.विद्यालयको नाम बताउन | ५ |
| | • सिकाई उपलब्धि | ५ |
| | • लेखन अभ्यास | ६ |
| | • विद्यार्थी मूल्याङ्कन अभिलेख फाराम | ९ |
| २. | **धार्मिक ऐतिहासिक तथा पर्यटकीय स्थल** | १०-२० |
| | क.स्थानीय नदी तथा ताल | १० |
| | ख.वडाको मन्दिर र मस्जिदको नाम | ११ |
| | ग.पर्व तथा पूजापाठको नाम | १३ |
| | घ.राम मन्दिरको परिचय | १५ |
| | • सिकाइ उपलब्धि | १६ |
| | • लेखन अभ्यास | १८ |
| | • विद्यार्थी मूल्याङ्कन अभिलेख फाराम | २० |
| ३. | **भाषा र संस्कृति** | २२-२९ |
| | क.आफ्नो टोलमा बोलिने भाषा र जातजातिहरु | २१ |
| | ख.साथीहरुको जातजाति र रहन सहन | २४ |
| | ग.बा,आमा र गुरुको आज्ञा पालन | २५ |
| | • सिकाइ उपलब्धि | २६ |
| | • लेखन अभ्यास | २७ |
| | • विद्यार्थी मूल्याङ्कन अभिलेख फाराम | २९ |
| ४ | **उधमशीलता** | ३०-३८ |
| | क.पेशा र व्यवसायको नाम | ३० |
| | ख.घरमा गरिने तरकारी खेती,अन्नबाली र जडिबुटी | ३१ |
| | ग.वरपर रहेका उद्योगको नाम | ३३ |
| | घ.घरपालुवा पशुपंक्षीको नाम | ३४ |
| | • सिकाइ उपलब्धि | ३५ |
| | • लेखन अभ्यास | ३६ |

| | | |
|---|---|---|
| | • विद्यार्थी मूल्याङ्कन अभिलेख फाराम | ३८ |
| ५. | **नैतिक शिक्षा र आचरण** | **३९-४६** |
| | क.परिवार भित्र गरिने सामान्य सम्बोधन पहिचान | ३९ |
| | ख.साथीहरु सँग घुलमिल भएर बस्ने | ४० |
| | ग.ठूलालाई आदर र सानालाई माया गर्ने | ४१ |
| | • सिकाई उपलब्धि | ४३ |
| | • लेखन अभ्यास | ४४ |
| | • विद्यार्थी मूल्याङ्कन अभिलेख फाराम | ४६ |
| ६. | **वातावरण र सरसफाई** | **४७-५४** |
| | क.आफ्नो वरपरको बोटविरुवाको पहिचान | ४७ |
| | ख.व्यक्तिगत सरसफाइ | ४८ |
| | ग.फोहोरमैलाको परिचय | ४९ |
| | घ.घर तथा विद्यालयमा गरिने बृक्षारोपन | ५० |
| | • सिकाई उपलब्धि | ५१ |
| | • लेखन अभ्यास | ५२ |
| | • विद्यार्थी मूल्याङ्कन अभिलेख फाराम | ५४ |
| ७ | **संस्था,व्यक्ति र शहिदको परिचय** | **५५-६०** |
| | क.वडामा भएका संस्थाहरु | ५५ |
| | ख.वडा अध्यक्ष र विद्यालयका प्र.अ.को नाम | ५६ |
| | ग.विशिष्ट व्यक्तिहरुको अनुशरण | ५७ |
| | • सिकाइ उपलब्धि | ५८ |
| | • लेखन अभ्यास | ५८ |
| | • विद्यार्थी मूल्याङ्कन अभिलेख फाराम | ६० |

# पाठ - १ गौरको परिचय


सि.उ.सं.-५ पठ्यभार - २६ घंटा

## (क) नगरपालिकाको नाम, टोल र सिमाना




यो चित्र गौर नगरपालिकाको हो । हाम्रो टोलको नाम सिर्सिया हो । यसको पूर्वमा मुडबलवा , पश्चिममा पुरेनवा , उत्तरमा हजमिनिया र दक्षिणमा गौर-१ पर्दछ ।

## (प)तलको चित्र हेरेर उत्तर लेख्नुहोस् ।




(अ) यो कुन वडाको चित्र हो ?

(आ) यस वडाको उत्तरमा के पर्छ ?

(इ) यस वडाको दक्षिणमा के पर्छ ?

(ई) यस वडाको पूर्वमा के पर्छ ?

(उ) यस वडाको पश्चिमा के पर्छ ?

## (फ) जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| उत्तर | पुरेनवा |
| पूर्व | सपगढा |
| दक्षिण | राजपुर न.पा. |
| पश्चिम | सिर्सियाँ |

## (ब) खाली ठाँउमा मिल्ने शब्द भर्नुहोस् ।


(अ) हाम्रो टोलको नाम ______ हो ।


(टिकुलिया, पुरेनवा, सिर्सियाँ, सपगढा, महादेवपट्टी)

(आ) हाम्रो नगरपालिकाको नाम ______ हो ।

(ईशनाथ, राजपुर, राजदेवी, गौर)

## (भ) दिशा पहिचान गरी सिमाना लेख्नुहोस्।



## ख. छिमेकी साथीको नाम बताऊन







## (प) तल दिइएको प्रश्नको उत्तर लेख्नुहोस्


(अ) आफनो छिमेकी साथीको नाम लेख्नुहोस्

______

(आ) आफनो नाम लेख्नुहोस्

______

## (ग) आफू बसेको गाउँ / शहरको ठेगाना




शिक्षक: राम, तपाई बसेको बस्तीको नाम के हो ?

राम: सर, म बसेको बस्तीको नाम कुडवा हो ।

शिक्षक: राम,तपाई बसेको बस्ती कुन वडामा पर्दछ ?

राम: सर, म बसेको बस्ती वडा नं. ५ मा पर्दछ ।

(प) दिइएको प्रश्नको उत्तर लेख्नुहोस्:

(अ) तपाईको विद्यालयको नाम लेख्नुहोस् ।

(आ) तपाईको विद्यालय कति नं. वडा मा पर्दछ ?

शिक्षक:- राम,तिम्रो छिमेकी साथीको नाम के हो ?

रामु:- सर,मेरो छिमेकी साथीको नाम गीता हो ।

शिक्षक:-गीता,तिम्रो छिमेकी साथीको नाम के हो ?

काले:- सर,मेरो छिमेकी साथीको नाम राम हो ।

## (घ) विद्यालयको नाम बताऊन:








शिक्षक: राम, तपाईको विद्यालयको नाम के हो ?

विद्यार्थी:- मेरो विद्यालयको नाम आधारभूत विद्यालय गौर हो ।

### सिकाइ उपलब्धि।

**(प) तपाई बस्ने पालिकामा चिन्ह ( √ ) लगाउनुहोस् ।**

राजदेवी ☐ गौर ☐ ईशनाथ ☐ राजपुर ☐

**(फ) दिएको चित्र हेरेर आफ्नो वडामा रङ्ग भर्नुहोस् :**



## (ब) खाली ठाँउमा मिल्ने शब्द भर्नुहोस् ।

(अ) मेरो वडाको पूर्वमा ______ पश्चिममा ______ उत्तरमा ______ र दक्षिणमा ______ पर्दछ ।

(आ) म बस्ने बस्तीको नाम ______ हो ।

## लेखन अभ्यास ।

**(अ)** म मे मे र रा रो रो न ना ना मेरो

मेरा नाम हो राम राम ह हा हो हो

मेरो नाम राम हो ।

**(आ)** स सा सा थ थी थी साथी

क का को को कि कि की की

मेरो साथीको नाम काना हो ।

(इ) व वा वि वि द् या ल ल य य

विद्यालय विद्यालय विद्यालय

अ आ ग गा गौ गौ आ.वि. गौर

मेरो विद्यालयको नाम आ.वि.गौर हो ।

(ई) ल ला लि लि नगरपालिका नगरपालिका

मेरो नगरपालिकाको नाम गौर हो ।

(उ) ट टा टो टो स सा सि सि सिसवा

सिसवा सिसवा टोल टोल टोल मेरो

टोलको नाम सिसवा हो ।

(ऊ) म र रो घ मेरो घर मेरो घर हो ल

ला ली होली प र्व पर्व इ न छ न्छ

मनाइन्छ मेरो घरमा होली पर्व

मनाइन्छ ।

(ए) मे रो मेरो घ र घर न ज

जि न्दि न द मन्दिर मन्दिर

मेरो घर नजिक राम मन्दिर छ ।

(ऐ) ह न नु म मा हनुमान मन्दिर

म हनुमान मन्दिर जान्छु।

# गौर नगरपालिका
## विद्यार्थी मूल्याङ्कन अभिलेख फारम

विषयः स्थानीय विषय थिम(पाठ) को नामः गौरको परिचय

विद्यालयको नाम श्री ............................... कक्षाः १ महिनाः वैशाख

सि.उ.सं - ५ सि.उ.सं. ५x४=२०

| क्र.सं. | विद्यार्थीको नाम | मुख्य सिकाइ उपलब्धि | | | | | | | | | | थिमगत सि.उ.सं. | | | उपलब्धि प्रतिशत | वैकल्पिक |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | | २ | | ३ | | ४ | | ५ | | | | | | |
| | | क | ख | क | ख | क | ख | क | ख | क | ख | हाल | विगत | जम्मा | | |
| १ | सीता कुमारी | २ | ४ | १ | ३ | ३ | ४ | २ | ४ | | | १५ | | ७६ | ७६ | |
| २ | राम कुमार | ३ | ४ | २ | ४ | ३ | ३ | ३ | ३ | | | १४ | | १९ | ७६ | |
| ३ | कृष्ण कुमार | ३ | ४ | ३ | ४ | १ | ४ | २ | ४ | | | २० | | २० | ८० | |
| ४ | राधा कुमारी | २ | ४ | ३ | ४ | २ | ४ | २ | ३ | | | १८ | | १८ | ७२ | |
| ५ | लक्ष्मण कुमार | १ | ४ | २ | ३ | ३ | ४ | २ | ४ | | | २१ | | २१ | ८४ | |

(क) नियमित पढाइ पछि मूल्याङ्कन

(ख) थप सहायता पछि मूल्याङ्कन

विषय शिक्षकको

नामः ...................... ..................

सहीः ...................... प्र.अ.को सही

**पाठ- २**

# धार्मिक,ऐतिहासिक तथा पर्यटकीय स्थल

सि.उ.सं.-४ पठ्यभार - २६ घंटा

## (क) स्थानीय नदी तथा ताल



शिक्षक: कमल, तपाईको पालिकाको एउटा नदीको नाम के हो ?

कमल: सर,हाम्रो पालिकाको नदीको नाम लाल बकैया हो ।

शिक्षक: आशा, एउटा स्थानीय तालको नाम भन्नुहोस् ।

आशा: सर, स्थानीय तालको नाम बरहवा हो ।





**चित्र हेरी वर्णन गर्नुहोस् :**

(प) चित्रमा देखाइएको तालको नाम लेख्नुहोस ।

(फ) चित्रमा देखाइएको नदीको नाम लेख्नुहोस ।

(ब) तल दिइएको अक्षर प्रयोग गरेर नदी र तालको नाम लेख्नुहोस ।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| त | ता | न | ब | या | र | कै | ह |
| बा | म | ग | कु | ती | | | |

नदी:

ताल:

**(भ) तलका प्रश्नहरुको उत्तर दिनुहोस् :**

(अ) हाम्रो पालिका नजिक कुन नदी पर्दछ ?

(आ) हाम्रो पालिकाको एउटा तालको नाम भन्नुहोस् ।

## (ख) वडा, मन्दिर र मस्जिदको नाम





हाम्रो पालिकाको वडा नं-१ मा भगवती मंन्दिर,हनुमान मंन्दिर, शिवालय मंन्दिर,वडा नं-२ मा वानेश्वर मंन्दिर,३ मा शिवगंगा छटघाट मंन्दिर,४ मा सोवरनामाई मंन्दिर, ५ मा श्री राम मंन्दिर, ६ मा मस्जिद,७ मा मस्जिद, ८ मा शिव मंदिर र ९ मा काली मंन्दिरहरु मुख्य हुन् ।

आशाः- तपाईको वडामा कुन मंन्दिर छ ?

कमलः-मेरो वडामा सोवरनामाई मंन्दिर छ अनि तपाईको वडामा नि ?

आशाः- मेरो वडामा वानेश्वर स्थान मंन्दिर छ ।

कमलः- नाज तपाईको वडामा कुन मंन्दिर छ ?

नाजः- मेरो वडामा मस्जिद छ ।

**(प) आफ्नो वडाको मंन्दिर र मस्जिदको नाम लेख्नुहोस् ।**

| वडा नं. | मन्दिर/मस्जिदको नाम |
|---|---|
| १ | |
| २ | |
| ३ | |
| ४ | |
| ५ | |
| ६ | |
| ७ | |
| ८ | |
| ९ | |

## (फ) चित्र हेरेर मंन्दिर र मस्जिद छुट्याउनुहोस् ।










## (ग) पर्व र पूजापाठहरूको नाम



| महिना | पर्व |
|---|---|
| वैशाख | सतुआन / जुरशीतल |
| भाद्र | जटजटिन |

| | |
|---|---|
| असोज | दशै/झिझिया |
| कार्तिक | दिपावली/छठ/समाचकेवा |
| माघ | तिला सकरात |
| फागुन | होली |

मायाः- सानी,तपाईलाई मन पर्ने पर्व कुन हो ?

सानीः- मलाई मन पर्ने पर्व होली छ। अनि तपाईलाई नि ?

मायाः- मलाई पनि होली नै मन पर्छ।

आशाः- कमल,तपाईलाई मन पर्ने पर्व कुन हो ?

कमलः- मलाई मन पर्ने पर्व छठ पूजा हो। तपाईलाई नि ?

आशाः- मलाई मन पर्ने पर्व दिपावली हो।

**(प) तलका चित्र हेरेर पर्वको नाम लेख्नुहोस् ।**










## (फ) तलका प्रश्नहरुको उत्तर दिनुहोस् :

(अ) माघ महिनामा कुन पर्व मनाइन्छ ?

(आ) सतुवान कुन महिनामा पर्छ ?

(इ) कार्तिक महिनामा कुन पर्व पर्छ ?

(ई) होली कुन महिनामा पर्छ ?

## (ब) जोडा मिलाउनुहोस् ।

| पर्वको नाम | महिना |
|---|---|
| तिला सकरात | असोज |
| सतुआन | फाल्गुन |
| होली | माघ |
| दशै | बैशाख |

## (ध) राम मंदिरको परिचय




गौर नगरपालिकाको वडा नं. ५ मा अवस्थित राम मंदिरको स्थापना वि.स. १९९६ मा भए पनि यसको जिर्णोद्धार वि.स. २०८० साल माघ महिना २ गतेमा गौर न.पा. द्वारा गरिएको छ । यसमा माता सीता र रामजीको धेरै आकर्षक मूर्ति छ ।

**(प) तलका प्रश्नहरुको उत्तर लेख्नुहोस् ।**

(अ) राम मंन्दिरको स्थापना कुन सालमा भएको हो ?

(आ) राम मंन्दिरको जिर्णोद्धार कुन सालमा भएको हो ?

(इ) राम मंन्दिरमा पहिला हनुमानजीको दर्शन गर्नुपर्छ वा रामजीको ?

(ई) गौरको राम मंन्दिर भित्र राम जानकीको मूर्ति कुन दिशामा छ ?

(उ) हनुमानजी को मूर्ति कुन दिशामा छ ?

(ए) गौरको रामजानकी मंदिर कति नं. वडामा अवस्थित छ ?

## सिकाइ उपलब्धि ।

**(प) तलका प्रश्नहरुको उत्तर लेख्नुहोस् ।**

(अ) कुनै एउटा स्थानीय नदीको नाम लेख्नुहोस् ।

(आ) कुनै एउटा स्थानीय तालको नाम लेख्नुहोस् ।

(इ) स्थानीय नदी वडा नं. कतिमा पर्छ ?

(ई) स्थानीय ताल वडा नं. कतिमा पर्छ ?

## (फ) तलका मंन्दिर पर्ने वडा नं. लेख्नुहोस् ।

| मंन्दिरको नाम | वडा नं. |
|---|---|
| शिवालय मंन्दिर | |
| रामजानकी मंन्दिर | |
| हनुमान मंन्दिर | |
| वानेश्वर स्थान मंन्दिर | |
| शिवगंगा छठ घाट | |
| भगवती मंन्दिर | |
| सोवरनामाई मंन्दिर | |
| शिव मंन्दिर | |

## (ब) तलका प्रश्नहरुको उत्तर दिनुहोस् ।

(अ) राम जानकी मंन्दिरको स्थापना कुन सालमा भएको थियो ?

(आ) राम जानकी मंन्दिरको जिर्णोद्वार कुन सालमा भएको थियो ?

(इ) राम जानकी मंन्दिर कति नं. वडामा पर्छ ?

(ई) राम जानकी मंन्दिरमा माँ जानकी र रामजी को मूर्ति कुन दिशामा राखिएको छ ?

## (भ) जोडा मिलाउनुहोस् ।

| **महिना** | | **पर्वको नाम** |
|---|---|---|
| भाद्र | | (अ) जुड शितल |
| कार्तिक | | (आ) तिला सकरात |
| बैशाख | | (इ) दिपावली |
| माघ | | (ई) जटजटिन |

## (म) ठिक भए (√) र बेठिक भए (×) चिन्ह लगाउनुहोस् ।

(अ) भाद्रमा सतुआन पर्व मनाइन्छ । ☐

(आ) झिझिया पर्व असोजमा मनाइन्छ । ☐

(इ) कार्तिकमा दिपावली मनाइन्छ । ☐

(ई) फागुनमा तिला सकरात मनाइन्छ। ☐

## लेखन अभ्यास

**(अ)** ट टा टो ल टोल ब बा बा श न

ने व बानेश्वर म न्द न्दि मन्दिर

मेरो टोलमा बानेश्वर मन्दिर छ ।

**(आ)** म मे र रो मेरो ट टो ल टोल म

द र स सा मदरसा मदरसा छ

मेरो टोलमा मदरसा छ ।

(इ) ब बा ब्र ब्रा ह म्ह्मा ब्राह्मण रा ज प पू त

राजपूत म मुस् ल लि मुस्लिम त ते ली

ब्राह्मण , राजपूत, मुस्लिम, तेली, यादव

(ई) मेरो जा ति जाति का न नु कानु

मेरो जाति कानु हो ।

## *गौर नगरपालिका*

## *विद्यार्थी मूल्याङ्कन अभिलेख फारम*

*विषयः स्थानीय विषय* *थिम(पाठ) को नामः धार्मिक, एतिहासिक तथा पर्यटकीय स्थल*

*विद्यालयको नाम श्री ............................... कक्षाः १* *महिनाः जेष्ठ*

*सि.उ.सं- ४* *सि.उ.अंकः- ४x ४ = १६*

| क्र.सं. | विद्यार्थीको नाम | मुख्य सिकाइ उपलब्धि | | | | | | | | | | थिमगत सि.उ.सं. | | | उपलब्धि प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | | २ | | ३ | | ४ | | ५ | | हाल | विगत | जम्मा | | |
| | | क | ख | क | ख | क | ख | क | ख | क | ख | १६ | २० | ३६ | | |
| १ | सीता कुमारी | ४ | ४ | ३ | ३ | ४ | ४ | ४ | ४ | | | १५ | १९ | ३४ | ९४ | |
| २ | राम कुमार | ३ | ४ | ४ | ४ | ४ | ४ | ३ | ३ | | | १५ | १८ | ३३ | ९२ | |
| ३ | कृष्ण कुमार | ४ | ४ | ४ | ४ | ३ | ३ | ४ | ४ | | | १५ | २० | ३५ | ९७ | |
| ४ | राधा कुमारी | ४ | ४ | ४ | ४ | ३ | ३ | ३ | ४ | | | १५ | १९ | ३४ | ९४ | |
| ५ | लक्ष्मण कुमार | ३ | ४ | ४ | ४ | ४ | ४ | ३ | ३ | | | १५ | १९ | ३४ | ९४ | |

(क) नियमित पढाइ पछि मूल्याङ्कन

(ख) थप सहायता पछि मूल्याङ्कन

विषय शिक्षकको

नामः ....................

सहीः ....................



प्र.अ.को सही

# भाषा र संस्कृति

पठ्यभार - २० घंटा

## (क) आफ्नो टोलको भाषा, जातजाति र पूजाहरु



शिक्षकः माला, तपाईको टोलमा बोलिने भाषा कुन हो ?

मालाः सर, मेरो टोलमा बोलिने भाषा बज्जिका हो ।

शिक्षकः मीरा, तपाईको टोलमा बोलिने भाषा कुन हो ?

मीरा : सर, मेरो टोलमा बोलिने भाषा भोजपुरी हो ।

## (प) तलका प्रश्नहरुको उत्तर दिनुहोस् ।

(अ) तपाईको टोलमा बोलिने भाषा कुन हो ?

(आ) तपाईको घरमा बोलिने भाषा कुन हो ?

(ई) तपाईको विद्यालयमा कुन भाषामा पढाइ हुन्छ ?

(ई) तपाई साथीहरु सँग कुन भाषामा कुरा गर्नुहुन्छ ?

## (फ) जातजाति

| जातजातिहरुको नाम | |
|---|---|
| तेली | कानु |
| कलवार | ब्राह्मण |
| यादव | मुस्लिम |
| मलाह | मुसहर |
| बीन | हलखोर |
| पासवान/दुसाध | मारवाडी |
| कुर्मी | कायस्थ |
| बनिया/केशरी | कोइरी |
| राजपूत | चमार |
| तत्मा | डोम |



राजः नमस्कार, तपाईको जाति के हो ?

नाजः तपाईलाई पनि नमस्कार, मेरो जाति शेख हो ।

राजः नाज, मेरो जाति कानु हो ।

## (ब) खाली ठाँउ भर्नुहोस् :

(अ)तपाईको जाति ______ हो ।

(आ) तपाईको छिमेकी साथीको जाति ______ हो ।

(इ) तपाईको शिक्षकको जाति ______ हो ।

(ई) तपाईको प्र.अ. को जाति ______ हो ।

## (ब) तलका शब्द पूरा गर्नुहोस् ।

| | | |
|---|---|---|
| बी............... | कल.................... | मुरि.................. |
| चम............... | या............... | ब्राह............... |

## पुजाहरू :






## (प) चित्र हेरी प्रश्नको उत्तर दिनुहोस् ।

(अ) छठ पूजा कुन महिनामा मनाइन्छ ?

(आ) सतुआन पर्व कुन महिनामा पर्छ ?

(इ) दिपावली कुन महिनामा मनाइन्छ ?

(ई) जाटजटिन कुन महिनामा मनाइन्छ ?

## (फ) कुन पर्व कुन महिनामा मनाइन्छ ? लेख्नुहोस् :

| पर्वको नाम | महिना |
|---|---|
| सतुआन, जुर शीतल | |
| होली | |
| समाचकेवा | |
| झिझिया | |
| तिला सकरात | |
| छठ पर्व | |
| दिपावली | |

## (ख) साथीहरूको जातजाति रहन सहन :



शिक्षक: नाज, तपाईको र तपाईको साथीको जाति के हो ?

नाज:मैम,मेरो जाति जोलहा र मेरो साथीको जाति यादव हो ।

शिक्षक:नाज, तपाईको रहन सहन कस्तो छ ?

नाज:मैम,मेरो जामा,समिज, सरवाल,ओढनी,साडी,ब्लाउज र कुर्ता पैजामा लगाउने चलन छ ।

शिक्षक: नाज, तपाईको छिमेकीहरु नि ?

नाज: मैम,मेरा छिमेकीहरुको पैन्ट,सर्ट, साडी, ब्लाउज र समिज लगाउने चलन छ ।

## (प) तलका प्रश्नहरुको उत्तर दिनुहोस् ।

(अ)तपाईको छिमेकी साथी कुन जातिको हो ?

(आ)तपाईको छिमेकी साथीको पहिरन कस्तो छ ?

(इ)तपाईको घरको पहिरन कस्तो छ ?

(ई)तपाईको र साथीको बोलिने भाषा  कुन- कुन हुन् ?

## (ग) बा,आमा र गुरुहरुको आज्ञापालन:







### माथिको चित्र हेरौं र छलफल गरौं:

आशा: कमल, म त बा-आमालाई सधैं ढोग्छु । हजुर नि ?

कमल: आशा,म पनि बा-आमालाई सधैं ढोग्छु ।

कमल: आशा,म त गुरुलाई पनि सधैं ढोग्छु । हजुर नि ?

आशा: कमल, म पनि गुरु र गुरुआमालाई सधैं ढोग्छु ।

कमल: म त आफ्नो घरमा ठूलालाई आदर र सानालाई माया गर्छु । तपाई पनि त्यस्तै गर्नू है ।

**(प) खाली ठाँउमा भर्नुहोस् ।**

(अ) आफू भन्दा ठूलालाई ________ गर्नुपर्छ ।

(आ) आफू भन्दा सानालाई ________ गर्नुपर्छ ।

(इ) विद्यालयमा ________ जानुपर्छ ।

(ई) बा-आमाले भनेको ________ मान्नुपर्छ ।

## सिकाइ उपलब्धि।

**(प) आफ्नो घर टोल छिमेकमा बोलिने भाषाहरुको नाम लेख्नुहोस् ।**

(अ)

(आ)

(इ)

(ई)

(उ)

**(फ) आफ्नो र आफ्नो छिमेकी साथीको जात लेख्नुहोस् ।**

**(अ)**

**(आ)**

**(इ)**

**(ई)**

**(उ)**

**(ब) तलका प्रश्नहरुको उत्तर लेख्नुहोस् ।**

(अ) बैशाख महिनामा कुन पर्व मनाइन्छ ?

(आ) कार्तिक महिनामा कुन पर्व मनाइन्छ ?

(इ) फाल्गुन महिनामा कुन पर्व मनाइन्छ ?

(ई) भदौं महिनामा कुन पर्व मनाइन्छ ?

(उ) समाचकेवा कुन महिनामा मनाइन्छ ?

**(भ) जोडा मिलाउनुहोस् :**

| | | |
|---|---|---|
| गुरु | ☐ | कार्तिक (अ) |
| होली | ☐ | माया (आ) |
| छठ | ☐ | आदर (इ) |
| साना | ☐ | फागुन (ई) |

## अभ्यास लेखन

**(अ)** म मे र रा रो मेरो घ घर ब बा बो ल

ला लि न ने बोलिने ज जि बज्जिका

मेरो घरमा बोलिने भाषा बज्जिका हो ।

**(आ)** स संग ग संग ने पा ली नेपाली

म साथी संग नेपाली भाषा बोल्छु ।

(इ) भ भा भो ज प पु र री भोजपुरी ह हि न
द हिन्दी उ द उर्दु म मै थ थि ली
मैथिली नेपाली भोजपुरी हिन्दी उर्दु
मैथिली नेपाली ।

(ई) न ना नो क र री नोकरी क कृ ष षि
कृषि प श शु प स ल पसल प श पा
ल न पशुपालन नोकरी कृषि पसल ।

(उ) प पा ड उ द उ धो ग पापड उधोग ब
बा बाँ स द उ री बाँसको दउरी म मा
ट टा टा टो भ भा भाँ ड डो माटाको
भाँडो पापड उधोग बाँसको दउरी भाँडो

## *गौर नगरपालिका*

## *विद्यार्थी मूल्याङ्कन अभिलेख फारम*

***विषयः*** *स्थानीय* ***विषय  थिम(पाठ) को नामः*** *धार्मिक,एतिहासिक तथा पर्यटकीय स्थल*

***विद्यालयको नाम श्री*** ....................................... ***कक्षाः*** *१*    ***महिनाः*** **अषाढ**

*सि.उ.सं.-४*                                        *सि.उ.अं.-* ४ x ४ =१६

| क्र.स. | विद्यार्थीको नाम | मुख्य सिकाई उपलब्धि | | | | | | | | | | थिमगत सि.उ.सं. | | | उपलब्धि प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | | २ | | ३ | | ४ | | ५ | | हाल | विगत | जम्मा | | |
| | | क | ख | क | ख | क | ख | क | ख | क | ख | १६ | ३६ | ५२ | | |
| १ | सीता कुमारी | ३ | ३ | ४ | ४ | ३ | ४ | ४ | ४ | | | १५ | ३४ | ४९ | ९४ | |
| २ | राम कुमार | ४ | ४ | ३ | ३ | ४ | ४ | ३ | ३ | | | १४ | ३३ | ४७ | ९० | |
| ३ | कृष्ण कुमार | ३ | ४ | ४ | ४ | ३ | ३ | ४ | ४ | | | १५ | ३५ | ५० | ९६ | |
| ४ | राधा कुमारी | ४ | ४ | ३ | ३ | ४ | ४ | ३ | ४ | | | १४ | ३४ | ४८ | ९२ | |
| ५ | लक्ष्मण कुमार | ३ | ४ | ४ | ४ | ३ | ३ | ४ | ४ | | | १५ | ३४ | ४९ | ९४ | |

(क) नियमित पढाइ पछि मूल्याङ्कन

(ख) थप सहायता पछि मूल्याङ्कन

विषय शिक्षकको

नामः ....................

सहीः ....................

प्र.अ.को  सही

# पाठ -४ उद्यमशीलता

सि.उ.सं.-४ पठ्यभार -२६ घंटा

## (क) परिवारका सदस्यहरूले गर्ने पेशा र व्यवसायको नाम बताऊन




**चित्र हेरौ र छलफल गरौं ।**

शिक्षकः-विनय, तपाईको बुवा कुन व्यवसाय गर्नुहुन्छ ?

विनयः- सर,मेरो बुवा कृषि र कुखुरा पालनको काम गर्नुहुन्छ ।

शिक्षकः-विनय, तपाईको छिमेकी साथीको बुवा कुन व्यवसाय गर्नुहुन्छ ?

विनयः- सर, मेरो साथीको बुवा शिक्षण पेशा गर्नुहुन्छ ।

शिक्षकः-विनय, तपाईलाई कुन पेशा मन पर्छ ?

विनयः- सर,मलाई डाँक्टरी पेशा मन  पर्छ ।

## (प) चित्र हेरी लेख्नुहोस् ।


अ



आ



इ



## (फ) तल दिइएको प्रश्नको उत्तर दिनुहोस :

(अ) तपाई लाई मन पर्ने कुनै २ पेशाको नाम भन्नुहोस्

(आ) तपाईको बुवा कुन पेशा गर्नुहुन्छ ?

(ई) तपाईको टोलमा बढी कुन पेशा गरिन्छ ?

## (ख) घरमा गर्निने तरकारी




चित्र हेरौं र छलफल गरौं।

शिक्षकः- राधा, तपाईको करेसाबारीमा गरिने कुनै दुई तरकारी बालीको नाम भन्नुहोस् ।

राधाः- मैम, मेरो घरको बारीमा फूलकोभी र परवल तरकारी बाली गरिन्छ ।

शिक्षकः- राधा, कुनै एक अन्नबालीको नाम भन्नुहोस् ।

राधाः-मैम,एक अन्नबालीको नाम गेहुँ हो ।

शिक्षकः- राधा, कुनै एक नगदेबालीको नाम भन्नुहोस् ।

राधाः-मैम,एक नगदेबालीको नाम उखु हो ।

**(प) जोडा मिलाउनुहोस् ।**



जडिबुटी(अ)



फलफूल(आ)



अन्नबाली(इ)



नगदेबाली(ई)

## (फ) तलको प्रश्नको उत्तर दिनुहोस् ।

(अ) एउटा अन्नबालीको नाम भन्नुहोस ।

(आ) एउटा नगदेबालीको नाम भन्नुहोस ।

(इ) एउटा जडिबुटीको नाम भन्नुहोस ।

(ई) एउटा फलको नाम भन्नुहोस् ।

## (ग) आफ्नो वरपर रहेका उधोगहरुको नाम बताउन








### चित्र हेरौं र छलफल गरौं ।

कमलः-माला,तपाईको घर वरपर रहेको कुनै एक उधोगको नाम भन्नुहोस्।

मालाः-कमल, मेरो घर नजिक काठ चिडान उधोग छ । हजुरको नि ?

कमलः-माला, मेरो घर नजिक ग्रिल उधोग छ ।

### (प) तलको प्रश्नको उत्तर दिनुहोस् ।

(अ)आफनो घर वरपर रहेको कुनै एक उधोगको नाम भन्नुहोस् ।

(आ) मत्स्यपालन उधोगमा के पाइन्छ ?

(इ) फारामहाउसमा के पाइन्छ ?

(ई) तपाईलाई मन पर्ने एउटा उधोगको नाम भन्नुहोस ।

## (घ) घरपालुवा पशुपन्छीको नाम बताउन






### चित्र हेरौ र छलफल गरौं ।

### (प) घर पालुवा पशुपन्छीको नाम

- गाई
- भैसी
- बाख्रा
- कुखुरा
- हाँस
- परेवा
- कुकुर
- सुगा

### (फ) चित्र हेरेर नाम लेख्नुहोस् ।






# सिकाइ उपलब्धि।

## (प) जोडा मिलाउनुहोस् ।



अन्नबाली(अ)



नगदेबाली(आ)



सिलाई कटाई उधोग(इ)



माछापालन उधोग (ई)

## (फ) प्रश्नको उत्तर दिनुहोस् ।

(अ) कुनै एक अन्नबालीको नाम भन्नुहोसु ।

(आ) कुनै एक नगदेबालीको नाम भन्नुहोस् ।

(इ) कुनै एक उधोगको नाम भन्नुहोस् ।

(ई) कुनै एक घरपालुवा पशुपंक्षीको नाम भन्नुहोस् ।

## (ब) खाली ठाँउ भर्नुहोस् ।

(अ)चिडान उधोगमा ______ चिरान गरिन्छ ।

(आ) फाराम हाउसमा ______ उत्पादन गरिन्छ ।

(इ) उखुको खेती ______ वाली हो ।

(ई) बाँसबाट तयार गरिने एक बस्तुको नाम ______ हो ।

## अभ्यास लेखन

**(अ)** उ ध म श शी ल ता उधमशीलता

उधमशीलता उधमशीलता उधमशीलता

मे रो बुवा कृषि पेसा गर्नु हुन्छ ।

**(आ)** म श शा शि क्ष ण शिक्षण प पे स सा

पेसा शिक्षण पेसा म शिक्षण पेसा गर्छु ।

(इ) म मे र रो अ आ म मा मेरो आमा स

सा सि इ सिलाइ सिलाइ मेरो आमा

सिलाइको काम गर्नु हुन्छ ।

(ई) द ल प पि ठ ठी दलपिठी ह र रि य

या यो स सा ग हरियो साग गे ड

डा गु ड डी फ ल फूल फलफूल

दलपिठी, हरियो साग, गेडागुडी फलफूल ।

# गौर नगरपालिका

## विद्यार्थी मूल्याङ्कन अभिलेख फारम

**विषयः** स्थानीय **विषय** **थिम(पाठ) को नामः** उद्यमशीलता

**विद्यालयको नाम श्री** ................................... **कक्षाः** १ **महिनाः-** भाद्र+ असोज

मु.सि.सं.-३ सि.उ.अं.- ४ x ४ = १६

| क्र.सं. | विद्यार्थीको नाम | मुख्य सिकाई उपलब्धि | | | | | | | | | | थिमगत सि.उ.सं. | | | उपलब्धि प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | | २ | | ३ | | ४ | | ५ | | हाल | विगत | जम्मा | | |
| | | क | ख | क | ख | क | ख | क | ख | क | ख | १६ | ५२ | ६८ | | |
| १ | सीता कुमारी | ४ | ४ | ३ | ३ | ४ | ४ | ३ | ३ | - | - | १४ | ४९ | ६३ | ९३ | |
| २ | राम कुमार | ३ | ४ | ४ | ४ | ३ | ३ | ४ | ३ | - | - | १४ | ४७ | ६१ | ९० | |
| ३ | कृष्ण कुमार | ४ | ४ | ३ | ३ | ४ | ४ | ३ | ३ | - | - | १४ | ५० | ६४ | ९४ | |
| ४ | राधा कुमारी | ३ | ३ | ४ | ४ | ३ | ४ | ४ | ४ | - | - | १५ | ४८ | ६३ | ९३ | |
| ५ | लक्ष्मण कुमार | ४ | ४ | ३ | ४ | ४ | ४ | ३ | ३ | - | - | १५ | ४९ | ६४ | ९४ | |

(क) नियमित पढाइ पछि मूल्याङ्कन

(ख) थप सहायता पछि मूल्याङ्कन

विषय शिक्षकको

नामः ..................... ..................

सहीः ..................... प्र.अ.को सही

# पाठ -९ नैतिक शिक्षा र आचरण

सि.उ.सं.-३ पठ्यभार - १६ घंटा

## (क) परिवार भित्र गरिने सामान्य सम्बोधन






**चित्र हेरौ र छलफल गरौं ।**

शिक्षक :- कमल, तपाईले आफ्नो परिवारमा ठूलालाई के-के सम्बोधन गर्नुहुन्छ ?

कमल :- सर, मैले आफ्नो परिवारमा ठूलालाई बाजे, बज्यै, बुबा, आमा, दाइ, दिदी भनी सम्बोधन गर्छु ।

शिक्षकः-माला,तपाई आफ्नो परिवारमा सानालाई के-के सम्बोधन गर्नुहुन्छ ।

मालाः-सर,मैले आफ्नो परिवारमा सानालाई भाइ, बहिनी भनी सम्बोधन गर्छु ।

शिक्षकः-कमल, आफू भन्दा ठूला सँग कस्तो व्यवहार गर्नुपर्छ ?

कमलः-सर, म आफ्नो घरका सबै ठूलालाई ढोग्छु र भनेको मान्छु ।

शिक्षकः- माला, तपाईले आफू भन्दा साना सँग कस्तो व्यवहार गर्नुहुन्छ ?

मालाः- सर, मैले आफू भन्दा सानालाई माया गर्छु, गृहकार्यमा सहयोग गर्छु, सँगै विद्यालय लिएर जान्छु ।

### (प) तलका प्रश्नहरुको उत्तर दिनुहोस् ।

(अ)बुबाको बुबालाई के भनेर सम्बोधन गर्नुहुन्छ ?

(आ)आमाकी सासुआमालाई के भनेर सम्बोधन गर्नुहुन्छ ?

(इ)बुबाकी छोरीलाई के भनेर सम्बोधन गर्नुहुन्छ ?

(ई)आमाको भाइलाई के भनेर सम्बोधन गर्नुहुन्छ ?

## (फ) जोडा मिलाउनुहोस् ।

| | | |
|---|---|---|
| काकाकी श्रीमती | | मौसी(अ) |
| मामाकी छोरी | | बज्यै(आ) |
| बुबाकी आमा | | काकी(इ) |
| आमाकीबहिनी | | बहिनी(ई) |

## (ख) साथी समूहसँग घुलमिल गरेर बस्नेः










शिक्षकः रमा,तपाई सँग मिल्ने कुनै चार जना साथीको नाम भन्नुहोस् ।

रमाः सर, मेरो मिल्ने साथीहरुको नाम लता, माला, नाज र राधा हो ।

शिक्षकः रमा, तपाईहरु कक्षाकोठामा कसरी बस्नुहुन्छ ?

रमाः सर, हामी जहिले पनि एकै ठाउँमा कक्षाकोठमा मिलेर बस्छौं ।

शिक्षकः रमा, तपाईहरु विद्यालयमा खेल्दाखेरी कसरी खेल्नुहुन्छ ?

रमाः सर, हामी विद्यालयमा खेल्दा पनि सँगै मिलेर खेल्छौं ।

शिक्षकः रमा, तपाई विद्यलय जाँदा र आउँदा कसरी जानुहुन्छ ?

रमाः सर, हामी विद्यालय जाँदा र आउँदा पनि सँगै मिलेर जान्छौं ।

## (प) तलका प्रश्नहरुको उत्तर दिनुहोस् ।

(अ) तपाईलाई मन पर्ने कुनै तीन जना साथीको नाम भन्नुहोस् ।

(आ)तपाई आफ्नो साथी समूह सँग विद्यालयमा कसरी खेल्नुहुन्छ ?

(इ)तपाई आफ्नो साथी समूह सँग कक्षाकोठमा कसरी बस्नुहुन्छ ?

(ई)तपाई आफ्नो साथी समूह सँग कक्षाको पाठ कसरी बनाउनुहुन्छ ?

## (फ) खाली ठाँउ भर्नुहोस् ।

(अ) मेरो मिल्ने साथीको नाम ____________ हो ।

(आ)मलाई साथीहरुसँग मिलेर विद्यालयमा ____________ खेल्न मन लाग्छ ।

(इ) हामी साथीहरुसँग मिलेर ____________ गाउँछौं ।

(ई) म र मेरो साथी ____________ सँगै घर जान्छौं ।

## (ग) ठूलाबडालाई आदर र सानालाई माया




### चित्र हेरेर छलफल गरौं :

शिक्षक : माला, तपाईले चित्र  हेरेर वर्णन गर्नुहोस् ।

माला: मैम, चित्र  मा आफू भन्दा ठूला, आमा, बुबा, गुरुलाई
खुट्टामा ढोगेर आदर गरेको छ ।

शिक्षक : नाज तपाईको संस्कृतिमा ठूलालाई कसरी आदर गरिन्छ ?

नाज: मैम,हाम्रो संस्कृतिमा ठूलावडालाई अदाव भनेर आदर गरिन्छ ।

## चित्र हेरेर लेख्नुहोस् ।







## सिकाइ उपलब्धि।

### (प) तलका प्रश्नहरुको उत्तर दिनुहोस् ।

(अ) तपाईको बुबाकी सानी आमालाई के भनेर सम्बोधन गर्नुहुन्छ ?

(आ) तपाईकी आमाकी बहिनीलाई के भनेर सम्बोधन गर्नुहुन्छ ?

(इ) तपाईलाई मन पर्ने कुनै दुई साथीको नाम भन्नुहोस् ।

(ई) तपाई गुरुलाई कसरी आदर गर्नुहुन्छ ?

### (फ) जोडा मिलाउनुहोस् ।

| | | | |
|---|---|---|---|
| काकीको श्रीमान | ☐ | नानी | (अ) |
| मामाकी श्रीमती | ☐ | बाजे | (आ) |
| बुबाको बुबा | ☐ | काका | (इ) |
| आमाकी आमा | ☐ | मामी | (ई) |

### (ब) खाली ठाँउ भर्नुहोस् ।

(अ)तपाईको साथी समूहमा खेल्ने एउटा खेलको नाम ☐ हो ।

(आ) मामाको छोरालाई ☐ भनेर सम्बोधन गरिन्छ ।

(इ) म बाजेलाई सधैं ☐ ढोगेर विद्यालय जान्छु ।

(ई) म विद्यालयमा कक्षाकोठमा शिक्षक आउँदा ☐ गर्छु ।

# अभ्यास लेखन

(अ) म स सा न ना साना ल ला इ ई

लाई मा मा य या माया

म साना लाई माया गर्छु ।

(आ) म ठ ठू ल ठू ल ला लाई अ आ

आदर आदर ग र्छु गर्छु

म ठूलालाई आदर गर्छु ।

(इ) ग गु रु ☐ अ आ ज्ञ ज्ञा आज्ञा प

पा ल न पालन पालन पालन

म गु☐को आज्ञापालन गर्छु ।

(ई) व वा त ता र ण वातावरण ब बा बो

वि ट बोट विरुवा स फ फा ल गा उँ

छु लगाउँछु रा ख न राख्न ।वातावरण

सफा राख्न बोटविरुवा लगाउँछु ।

(उ) स फ फा क प ड डा ल गा उँ छ

सफा कपडा लगाउँ छु

म सफा कपडा लगाउँ छु ।

## गौर नगरपालिका

## विद्यार्थी मूल्याङ्कन अभिलेख फारम

**विषयः** स्थानीय **विषय थिम(पाठ) को नामः** नैतिक शिक्षा र आचरण

**विद्यालयको नाम श्री** ..................................**कक्षाः** १ **महिनाः** कात्तिक र मंसिर

मु.सि.सं.-३ सि.उ.अं.- ४ x ३ = १२

| क्र.सं. | विद्यार्थीको नाम | मुख्य सिकाई उपलब्धि | | | | | | | | | | थिमगत सि.उ.सं. | | | उपलब्धि प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | | २ | | ३ | | ४ | | ५ | | हाल | विगत | जम्मा | | |
| | | क | ख | क | ख | क | ख | क | ख | क | ख | १२ | ६८ | ८० | | |
| १ | सीता कुमारी | ३ | ४ | ४ | ४ | ३ | ३ | - | - | - | - | ११ | ६३ | ७४ | ९३ | |
| २ | राम कुमार | ४ | ४ | ३ | ३ | ४ | ४ | - | - | - | - | ११ | ६१ | ७२ | ९० | |
| ३ | कृष्ण कुमार | ३ | ४ | ४ | ४ | ३ | ३ | - | - | - | - | ११ | ६४ | ७५ | ९४ | |
| ४ | राधा कुमारी | ४ | ४ | ३ | ३ | ४ | ४ | - | - | - | - | ११ | ६३ | ७४ | ९३ | |
| ५ | लक्ष्मण कुमार | ३ | ४ | ४ | ४ | ३ | ३ | - | - | - | - | ११ | ६४ | ७५ | ९४ | |

(क) नियमित पढाइ पछि मूल्याङ्कन

(ख) थप सहायता पछि मूल्याङ्कन

विषय शिक्षकको

नामः ..................... ..................

सहीः ..................... प्र.अ.को सही

# पाठ-६ वातावरण र सरसफाइ

सि.उ.सं.-४ पठ्यभार - २६ घंटा

## (क) वरपरका बोटविरुवाको पहिचान





शिक्षक:नेहा,माथिको चित्र हेरेर तपाईको घर वरपरका कुनै दुई ओटा बोटविरुवाको नाम भन्नुहोस् ।

नेहा:मैम,मेरो घर नजिक करेसाबारीमा राईको साग र आँपको बोट छ ?

शिक्षक: नेहा,बोटविरुवा बाट हामीलाई के फाइदा हुन्छ ?

नेहा: मैम,बोटविरुवाले हामीलाई आँक्सिजन दिन्छ र वातावरण स्वच्छ राख्छ ।

## (प) तलका प्रश्नहरुको उत्तर भन्नुहोस् ।

(अ) तपाईको घर नजिक रहेको एक बोट र एक विरुवाको नाम भन्नुहोस् ।

(आ) बोट विरुवाले हामीलाई के फाइदा गर्दछ ?

(इ) बोट विरुवाले वातावरणमा कस्तो असर पार्दछ ?

## (फ) चित्र हेरेर नाम लेख्नुहोस् ।









## (ख)व्यक्तिगत सरसफाइ



राम



माया



मोहन

### चित्र हेरौं र छलफल गरौं ।

शिक्षक: नाज, राम के गरिरहेको छ ?

नाज: मैम, राम हात सफा गरिरहेको छ ।

शिक्षक: माला, मोहन के गरिरहेको छ ?

माला: मैम, मोहन दाँत सफा गरिरहेको छ ।

शिक्षक: श्याम, माया के गरिरहेको छ ?

श्याम: मैम, माया नङ काटिरहेको छ ।

### (प) तलका प्रश्नहरुको उत्तर दिनुहोस् ।

(अ) हात कुन कुन बेला सफा गर्नुपर्छ ?

(आ)दाँत कुन बेला सफा गरिन्छ ?

(इ) हात र खुट्टाको नङ किन काट्नु पर्छ ?

(ई) खाना खानु भन्दा पहिले के सफा गरेर खानु पर्छ ?

## (फ) जोडा मिलाउनुहोस् ।

| | | |
|---|---|---|
| नङ्ग | | साबुनले धुनु पर्छ (अ) |
| दाँत | | काट्नु पर्छ (आ) |
| हात | | ब्रसले सफा गर्नुपर्छ (इ) |

## (ग) फोहोर मैलाको पहिचान गर्न






- कागजको टुक्रा
- पेन्सिल काटेको टुक्रा
- जुत्तामा लगाएर आएको धुलो
- माकुराले लगाएको जालो

- पाकेको खाना
- दूध/पानी



चित्र हेरौं र छलफल गरौं

शिक्षक: कमल, तपाईले घरमा कस्तो फोहोर गर्नुहुन्छ ?

कमल: मैम,म आफ्नो घरमा कागज र पेन्सिलको टुक्रा बढी फोहोर गर्छु ।

शिक्षक: कमल, तपाईले गरेको फोहोरलाई के गर्नुहुन्छ ?

कमल: मैम, सुख्खा फोहोरलाई सुख्खा फाल्ने कन्टेनरमा फाल्छु ।

शिक्षक: कमल,तपाईको भान्सा कोठाबाट आउने फोहोर के के हुन ?

कमल: मैम, मेरो भान्सा कोठाबाट आउने फोहोर तरकारी काट्दा काम नलाग्ने भाग, खाना खाइसकेपछि बढी खाना आदि हुन् ।

शिक्षक: कमल, भान्सा कोठाबाट निस्केको फोहोरलाई के गर्नुहुन्छ ?

कमल:मैम,भान्सा कोठाबाट निस्केको फोहोरलाई तरल फाल्ने रातो कन्टेनरमा फाल्छु ।

**(प) तलका प्रश्नहरुको उत्तर दिनुहोस् ।**

(अ) रातो कन्टेनरमा कस्तो फोहोर फाल्नुपर्छ ?

(आ) हरियो कन्टेनरमा कस्तो फोहोर फाल्नुपर्छ ?

(इ) कक्षाकोठमा फोहोर कम गर्न के के गर्नुपर्छ ?

(ई) जुत्ता बाट  हुने फोहोर कम गर्न के के गर्नुपर्छ ?

## (घ) घर तथा विद्यालयमा गरिने वृक्षारोपणमा सहयोग





शिक्षक: हरि, तपाईले आफ्नो घर वा विद्यालयमा वृक्षारोपण गर्दा के-के सहयोग गर्नुहुन्छ ?

हरि: मैम, मेरो घर र विद्यालयमा बृक्षारोपन गर्दा पानी पटाउने कार्यमा सहयोग गर्छु ।

शिक्षक:हरि,तपाईले आफ्नो घरमा कुन-कुन वोट लगाउनु भएको छ?

हरि: मैम,मैले आफ्नो घरमा आँप र कटहलका बोटहरु लगाएको छु ।

**(प) तलका प्रश्नहरुको उत्तर दिनुहोस् ।**

(अ) कुनै दुई ओटा बृक्षरोपण नाम भन्नुहोस् ।

(आ)तपाईलाई मन पर्ने कुनै एक वृक्षको नाम भन्नुहोस् ।

(इ) तपाईको घरमा वा नजिकमा रहेका वृक्षहरुको नाम भन्नुहोस् ।

(ई) वृक्षले फल भन्दा अरु हामीलाई के दिन्छ ?

## सिकाइ उपलब्धि ।

**(प) तलको प्रश्नको उत्तर दिनुहोस् ।**



यो कुन विरुवाको चित्र हो ?



यो कुन बोटको चित्र हो ?



यो कुन विरुवाको चित्र हो ?

## (फ) चित्र हेरेर लेख्नुहोस् ।







## (ग) खाली ठाउँ भर्नुहोस् ।

(अ) तपाईंको घरमा रहेको एउटा वृक्षको नाम लेख्नुहोस् ______

(आ) कुहिएको फोहोर ______ कन्टेनरमा फाल्नुपर्छ ।

(इ) सुख्खा फोहोर ______ कन्टेनरमा फाल्नुपर्छ ।

## अभ्यास लेखन

(अ) म न ङ नङ क का ट् छ छु

म नङ कटरले नङ्ग काट्छु ।

(आ) म स सा ब बु न साबुन

ले ह हा त स फ फा सफा

म साबुनले हात सफा गर्छु ।

(इ) द दा दाँ त दाँ त ब ब्र स

ब्रस स फ फा सफा सफा

म ब्रसले दाँत सफा गर्छु ।

## *गौर नगरपालिका*
## *विद्यार्थी मूल्याङ्कन अभिलेख फारम*

***विषयः*** *स्थानीय* ***विषय*** ***थिम(पाठ) को नामः*** *वातावरण र सरसफाई*

***विद्यालयको नाम श्री ......................................कक्षाः*** *१* ***महिनाः*** माघ र फागुन

*मु.सि.सं.-४* *सि.उ.अं.- ४×४ =१६*

| क्र.सं. | विद्यार्थीको नाम | मुख्य सिकाई उपलब्धि | | | | | | | | | | थिमगत सि.उ.सं. | | | उपलब्धि प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | | २ | | ३ | | ४ | | ५ | | हाल | विगत | जम्मा | | |
| | | क | ख | क | ख | क | ख | क | ख | क | ख | १६ | ८० | ९६ | | |
| १ | सीता कुमारी | ३ | ४ | ४ | ४ | ३ | ३ | ४ | ४ | - | - | १५ | ७४ | ८९ | ९३ | |
| २ | राम कुमार | ४ | ४ | ३ | ३ | ४ | ४ | ३ | ३ | - | - | १४ | ७२ | ८६ | ९० | |
| ३ | कृष्ण कुमार | ३ | ४ | ४ | ४ | ३ | ३ | ४ | ४ | - | - | १५ | ७५ | ९० | ९४ | |
| ४ | राधा कुमारी | ४ | ४ | ३ | ३ | ४ | ४ | ३ | ३ | - | - | १४ | ७४ | ८८ | ९२ | |
| ५ | लक्ष्मण कुमार | ३ | ४ | ४ | ४ | ३ | ३ | ४ | ४ | - | - | १५ | ७५ | ९० | ९४ | |

(क) नियमित पढाइ पछि मूल्याङ्कन
(ख) थप सहायता पछि मूल्याङ्कन

विषय शिक्षकको
नामः .....................
सहीः .....................

..................
प्र.अ.को सही

# पाठ-७ संस्था,व्यक्ति र शहिद्को परिचय

सि.उ.सं.-३ पठ्यभार - २० घंटा

## (क) वडामा भएका संस्थाहरू




**चित्र हेरौं र छलफल गरौं**

शिक्षक: नाज,तपाईको वडामा रहेको कुनै दुई संस्थाको नाम भन्नुहोस् ।

नाज: मैम,मेरो वडामा दुईवटा विद्यालय, एउटा धर्मशाला र एउटा वडा कार्यालय छ ।

शिक्षक: नाज, तपाईको विद्यालयको नाम के हो ?

नाज: मैम, म पढने विद्यालयको नाम श्री आ.वि. गौर-१ हो ।

शिक्षक: नाज, तपाईको वडामा रहेको धर्मशालाको नाम के हो ?

नाज: मैम,मेरो वडामा रहेको धर्मशालाको नाम रामजानकी धर्मशाला हो।

शिक्षक: नाज, तपाईको वडा कार्यालय कुन ठाउँमा छ ?

नाज: मैम, मेरो वडा कार्यालय शिवालय मंन्दिरको अगाडि छ ।

## (प) तलका प्रश्नहरुको उत्तर दिनुहोस् ।

(अ) तपाईको वडामा कति वटा विद्यालय छन् ?

(आ) तपाईको वडामा स्वास्थय चौकी छ कि छैन ?

(इ) तपाईको वडामा रहेको विद्यालयको नाम के हो ?

(ई) तपाईको वडा कार्यालय कुन ठाउँमा पर्दछ ?

(उ) के तपाई आफ्नो वडामा रहेको विद्यालयमा पढ्नुहुन्छ ?

(ऊ) तपाईको विद्यालयको दुरी घरबाट कति मिटर छ ?


## (फ) चित्र हेरेर लेख्नुहोस् :




क




ख



ग

(अ) माथि ‘क’ मा दिइएको चित्र कुन संस्थाको हो ?

(आ) माथि ‘ख’ मा दिइएको चित्र कुन संस्थाको हो ?

(इ) माथि ‘ग’ मा दिइएको चित्रमा कुन संस्थाको हो ?

## (ख) वडाध्यक्ष र प्र.अ. को नाम भन्नः






**चित्र हेरौं र छलफल गरौं ।**

शिक्षक: राधा, तपाईको वडाको वडाध्यक्षको नाम के हो ?

राधा: मैम,मेरो वडाको वडाध्यक्षको नाम श्री श्याम बाबु जयसवाल हो ।

शिक्षक: राधा, तपाईको विद्यालयका प्र.अ. को नाम के हो ?

राधा: मैम, मेरो विद्यालयका प्र.अ.को नाम श्री गणेश हो ।

शिक्षक: राधा,तपाईको वडाको एक महिला सदस्यको नाम भन्नुहोस् ।

राधा: मैम,मेरो वडाको महिला सदस्यको नाम श्रीमती रमिता देवी हो ।

**(प) तलका प्रश्नहरुको उत्तर दिनुहोस् ।**

(अ) तपाईको वडाध्यक्षको नाम के हो ?

(आ) तपाईको विद्यालयको अध्यक्षको नाम के हो ?

(इ) तपाईको वडाको कुनै एक महिला सदस्यको नाम भन्नुहोस् ।

(ई) तपाईको विद्यालयका प्र.अ.को नाम के हो ?

(उ) तपाईको विद्यालयको कुनै एक शिक्षकको नाम भन्नुहोस् ।

(ऊ)तपाईको विद्यालयको कुनै एक महिला शिक्षकको नाम भन्नुहोस् ।

## (ग) विशिष्ट व्यात्तिहरुको अनुसरण :







शिक्षक: माला,के तपाईको घरमा रहनु भएका ठूला व्यात्तिहरुको अनुसरण गर्नुहुन्छ ।

माला: मैम, मेरो घरमा बाजे, आमा, बुबाको राम्रो गुण जस्तै: बिहान छिटो उठ्ने, काममा मिहेनत गर्ने, झुठो नबोल्ने जस्ता गुणहरु अनुसरण गर्छु ।

शिक्षक: माला, तपाईको घर वरपर वा आफ्नै घरमा धेरै पढेका व्यक्ति हुनुहुन्छ भने उहाँबाट के अनुसरण गर्नुहुन्छ ?

माला: मैम, मेरो घरमा मेरा दाइ डाक्टर हुनुहुन्छ । म पनि उहाँ जस्तै मिहेनत गरेर पढ्छु ।

**(प)तलका प्रश्नहरुको उत्तर दिनुहोस् ।**

(अ) विशिष्ट व्याक्तिको कुनै दुईओटा असल गुणहरु भन्नुहोस् ।

(आ) तपाईले विशिष्ट व्याक्तिबाट अनुसरण गरेका कुनै दुईओटा गुणहरु भन्नुहोस् ।

## सिकाइ उपलब्धि ।

**(प) तलका प्रश्नहरुको उत्तर दिनुहोस् ।**

(अ)तपाईको वडामा रहेका कुनै दुईओटा संस्थाको नाम भन्नुहोस् ।

(आ) तपाईको वडाध्यक्षको नाम के हो ?

(इ) तपाईको विद्यालयको प्र.अ.को नाम के हो ?

(ई) तपाईको वडाको एउटा महिला सदस्यको नाम भन्नुहोस् ।

## अभ्यास लेखन

**(अ)** म मे र रा रो मेरो व ड डा मेरो वडा ध

म र्म श शा ल ला धर्मशाला धर्मशाला

धर्मशाला मेरो वडामा धर्मशाला छ ।

(आ) व वा वि ध धा ल य विधालय प पा स्

त क का पुस्तकालय पुस्तकालय का या

र्या कार्यालय म र्म श शा ला विधालय

पुस्तकालय कार्यालय धर्मशाला

(इ) मेरो व डा वडा अ ध्य क्ष अध्यक्ष

मेरो वडा अध्यक्षको नाम राम हो ।

(ई) वि धा ल य विधालय प्र.अ.

मेरो विधालयको प्र.अ. को नाम कृष्ण हो ।

*गौर नगरपालिका*

*विद्यार्थी मूल्याङ्कन अभिलेख फारम*

***विषयः** स्थानीय **विषय*** ***थिम(पाठ) को नामः** वातावरण र सरसफाई*

***विद्यालयको नाम श्री** ...................................**कक्षाः** १ **महिनाः** माघ र फागुन*

*मु.सि.सं.-३* *सि.उ.अं.- ४ x ३ =१२*

| क्र.सं. | विद्यार्थीको नाम | मुख्य सिकाई उपलब्धि | | | | | | | | | | थिमगत सि.उ.सं. | | | उपलब्धि प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | | २ | | ३ | | ४ | | ५ | | हाल | विगत | जम्मा | | |
| | | क | ख | क | ख | क | ख | क | ख | क | ख | १२ | ९६ | १०८ | | |
| १ | सीता कुमारी | ४ | ४ | ३ | ३ | ४ | ४ | - | - | - | - | ११ | ८९ | १०० | | |
| २ | राम कुमार | ३ | ३ | ४ | ४ | ३ | ४ | - | - | - | - | ११ | ८६ | ९७ | | |
| ३ | कृष्ण कुमार | ४ | ४ | ३ | ३ | ४ | ४ | - | - | - | - | ११ | ९० | १०१ | | |
| ४ | राधा कुमारी | ३ | ३ | ४ | ४ | ३ | ४ | - | - | - | - | ११ | ८८ | ९९ | | |
| ५ | लक्ष्मण कुमार | ४ | ४ | ३ | ३ | ४ | ४ | - | - | - | - | ११ | ९० | १०१ | | |

(क) नियमित पढाइ पछि मूल्याङ्कन

(ख) थप सहायता पछि मूल्याङ्कन ...............

विषय शिक्षकको नाम ............. प्र.अ.को सही

सहीः..................................

# सन्दर्भ सामग्री


- स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (२०७६) पाठ्यक्रम विकास केन्द्र ,सानोठिमी भक्तपुर ।
- आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम(२०७६) पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर ।
- लेटरग्रेडिङ्ग पद्धतिको कार्यान्वयनका सहयोगी पुस्तिका(२०७९)पाठ्यक्रम विकास केन्द्र ,सानोठिमी भक्तपुर ।
- विद्यार्थी सिकाइका लागि निरन्तर/आन्तरिक मूल्याङ्कन मापदण्ड २०८० पाठ्यक्रम विकास केन्द्र ,सानोठिमी भक्तपुर ।
- पाठ्यक्रम विकास केन्द्र २०६० स्थानीय पाठ्यक्रम निर्माण निर्देशिका २०६० सानोठिमी भक्तपुर ।
- स्थानीय पाठ्यक्रम २०८१ गौर नगरपालिका,रौतहट ।




# मधेश प्रदेश

# स्थानीय सरकार

## गौर नगरपालिका